**Prāgyik Prabāha** Vol. 13, No. 1.pp.182-191, December, 2025; Tribhuvan University Teachers' Association, Tribhuvan Multiple Campus, Palpa, **DOI: https://doi.org/10.3126/pp.v13i1.94812**

# *नरेन्द्र दाइ* उपन्यासका पात्रको चरित्रचित्रण

*डा. शालिकराम पौड्याल*
*paudyalshalikram@gmail.com*
*https://orcid.org/0009-0007-6023-9864*
***बुटवल बहुमुखी क्याम्पस, त्रि.वि.***

***Article History:*** *Received 12 March 2025; Reviewed 15 June 2025; Revised 18 September 2025; Accepted 25 November 2025*

**लेखसार**

प्रस्तुत लेख विश्वेश्वरप्रसाद कोइरालाको नरेन्द्र दाइ उपन्यासमा आएका पात्रको चरित्रको विश्लेषणमा केन्द्रित छ । गुणात्मक ढाँचामा रहेको यस लेखमा सोद्देश्यमूलक नमुना छनौट विधिबाट सामग्री लिइएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा कृति र द्वितीयक स्रोतको सामग्रीका रूपमा कृतिका बारेमा गरिएका अध्ययन र चरि*त्रचित्रणको* सिद्धान्तलाई लिइएको छ । दुवै प्रकृतिको सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । मनोविश्लेषणवादी उपन्यास नरेन्द्र दाइमा आएका पात्रमध्ये नरेन्द्र, गौरी, मुनरिया र सानोबाबूको चरित्रको विश्लेषण गरिएको छ । कोइरालाले यस उपन्यासमा मनोवैज्ञानिक, त्रिकोणात्मक सम्बन्ध, यथार्थपरक चित्रण पद्धति प्रयोग गरेका छन् । नरेन्द्र सामन्तवादी परम्पराको जमिनदार वर्गको सदस्यको प्रतिनिधि, सामाजिक बन्धन तोड्ने विद्रोही तथा पलायनमुखी चरित्रका रूपमा देखिएका छन् । गौरी पतिको पीडा खेप्न बाध्य नेपाली नारीको प्रतिनिधि, पतिपरायणा, सामाजिक मर्यादा लत्याएकी चरित्रका रूपमा देखिन्छिन् । मुनरिया अस्तित्वहीन जीवन बिताउन विवश, गौरीको दाम्पत्यजीवनमा घात गर्दै खलपात्रका रूपमा देखिन्छे । सानोबाबू नरेन्द्र, गौरी तथा मुनरियाले बनाएको बालुवाको त्रिभुज भताभुङ्ग भएको कल्पना गरेर जीवनको निस्सारता बोध गर्ने कथयिता र द्रष्टा चरित्रका रूपमा आएको छ । यस लेखमा नरेन्द्र सामाजिक बन्धन र परम्परालाई सजिलै स्वीकार नगर्ने अन्तर्मुखी र विद्रोही पात्र, गौरी आदर्श र धैर्यवान् नेपाली नारीको प्रतीक र आन्तरिक पीडा भोगेकी पात्र, मुनरिया एक निम्न वर्गीय र विजातीय पात्र, यौनिक आकर्षण र प्रेम भएकी र आफ्नो प्रेमको गहिराइ प्रमाणित गरेकी पात्रका रूपमा रहेको निष्कर्ष दिइएको छ ।

**शब्दकुञ्जी :** चरित्रचित्रण, प्रतिनिधि, निस्सार, खलपात्र, नायक ।

## विषयपरिचय

विश्वेश्वरप्रसाद कोइराला नेपाली उपन्यास परम्पराका मनोवैज्ञानिक उपन्यासकार हुन् । उनका उपन्यासहरूमा *तीनघुम्ती* (२०२५), *नरेन्द्र दाइ* (२०२७), *सुम्निमा* (२०२७), *मोदिआइन* (२०३६), *हिटलर र यहुदी* (२०४०), *बाबु, आमा र छोरा* (२०४५, *बी.पी.का उपन्यास* (२०६८, छवटा उपन्यासको सङ्ग्रह) साझा प्रकाशन रहेका छन् । कोइराला मनोवैज्ञानिक यथार्थवादी उपन्यासकार हुन् । मूलतः फ्रायड र अंशतः एडलर र युङ्गका मनोविज्ञानबाट प्रेरित र प्रभावित कोइरालाले उपन्यासका क्षेत्रमा यौनमनोविज्ञानलाई सफल रूपमा प्रयोग गरेका छन् । पात्रका मनको वासनाको तहलाई उप्काएर कोइरालाले उपन्यासमार्फत यौनका जटिल समस्यालाई प्रस्तुत गरेका छन् । *नरेन्द्र दाइ* उपन्यासका बारेमा कृष्णचन्द्रसिंह प्रधान (२०३७), राजेन्द्र सुवेदी (

२०५३), कृष्णहरि बराल र नेत्र एटम (२०५६), खगेन्द्रप्रसाद लुइटेल (२०६९), कृष्णप्रसाद कोइराला (सन् २०११) आदिले अध्ययन गरेको पाइन्छ । *नरेन्द्र दाइ* उपन्यास मूलतः मानव मनको जटिलता, कामेच्छा र सामाजिक मर्यादाबीचको द्वन्द्वमा आधारित छ । यसले नेपाली मध्यमवर्गीय परिवारको आन्तरिक संरचना र त्यहाँभित्र गुम्सिएर रहेका अतृप्त चाहनाहरूको उत्खनन गरेको छ । उपन्यासको कथानक नरेन्द्र, उसकी पत्नी गौरी र प्रेमिका मुनरियाबिचको त्रिकोणात्मक सम्बन्धमा केन्द्रित छ । यस उपन्यासमा फ्रायडवादी यौन मनोविज्ञानका आधारमा पात्रहरूको आन्तरिक विश्लेषण गरिएको छ । यो एउटा पुरुषका पत्नी र प्रेमिकाका बिचको मनोविश्लेषण गरिएको उपन्यास हो । यस उपन्यासमा गौरी र मुनरियाको मानसिक अन्तर्द्वन्द्वलाई कलात्मक पालाले विश्लेषण गरिएको छ । मानवीय उदण्डका कारण पारिवारिक वातावरण कसरी ध्वंश हुन्छ भन्ने कुरालाई यस उपन्यासमा देखाइ निस्सार जीवन विघटन भएको घटना प्रस्तुत गरिएको छ । कोइरालाको *नरेन्द्र दाइ* उपन्यासमा आएका पात्र के कस्ता छन् भन्ने प्राज्ञिक जिज्ञासामा केन्द्रित यस लेखमा उपन्यासका पात्रको मनोदशा र प्रवृत्तिको विश्लेषण गरिएको छ । *नरेन्द्र दाइ* उपन्यासका पात्रको मात्र अध्ययन गर्नु यस लेखको सीमा हो ।

## अध्ययनविधि

प्रस्तुत लेखमा विश्वेश्वरप्रसाद कोइरालाको *नरेन्द्र दाइ* उपन्यासलाई प्राथमिक स्रोत सामग्रीको रूपमा प्रयोग गरिएको छ । त्यस्तै द्वितीयक स्रोतको सामग्रीको रूपमा उपन्यासका तत्वअन्तर्गत चरित्रचित्रणको सिद्धान्त र कृतिका बारेमा गरिएका अध्ययनलाई लिइएको छ । दुवै प्रकृतिको सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस लेखमा पाठ विश्लेषण विधिको प्रयोग गरी *नरेन्द्र दाइ* उपन्यासका पात्रको विश्लेषण गरिएको छ । चरित्रचित्रणको सिद्धान्तलाई यस लेखको सामग्री विश्लेषणको सैद्धान्तिक पर्याधारका रूपमा ग्रहण गरिएको छ । कृतिपठनलाई केन्द्रमा राखी सामग्रीको व्यवस्थापन गर्दै अर्थापन गरिएको प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ ।

## चरित्रचित्रणको सैद्धान्तिक आधार

उपन्यासमा कार्यव्यापार सम्पन्न गर्ने मानवीय वा मानवेतर प्राणी चरित्र हुन् । पात्र वा चरित्र उपन्यासको महत्वपूर्ण उपकरण हो । कथानकलाई गतिशील तुल्याउने व्यक्तिलाई नै पात्र भनिन्छ । उपन्यासका विभिन्न तत्वहरूमध्ये पात्रले धेरै महत्व राख्दछ । पात्रहरूको घटना र परिस्थितिका साथ घनिष्ट सम्बन्ध हुन्छ । पात्रले कथावस्तुलाई गतिशीलता प्रदान गर्छ । घटना चरित्रबाट उत्पन्न हुन्छ र घटित भएपछि त्यसले चरित्रलाई नै परिवर्तित गरिदिन्छ । त्यसैले पात्र र घटना एकअर्कामा सम्बन्धित हुन्छन् । पात्र उपन्यासको एक अनिवार्य तत्व हो । पात्रहरूको विशेषता र भूमिका उनीहरूलाई कसरी वर्णन गरिएको छ र उनीहरूले उपन्यासमा कसरी कार्य गर्छन् भन्ने आधारमा तय हुन्छ । फोर्स्टर (१९२७) का अनुसार उपन्यासका पात्रहरू समतल (Flat/Simple) वा गोलाकार (Round/Complex) हुन्छन् । समतल पात्रहरू प्रायः स्थिर हुन्छन् र कथानकको सुरुदेखि अन्त्यसम्म उनीहरूमा भावनात्मक विकास हुँदैन । गोलाकार पात्रहरूलाई बुझ्न र वर्णन गर्न कठिन हुन्छ किनभने उनीहरूमा बहुआयामिक व्यक्तित्वका विशेषताहरू हुन्छन् पात्र वा चरित्र भनेको कुनै पनि आख्यानात्मक कृतिको पयोधरभित्र व्यवस्थित गरिएको व्यक्ति हो । कथानकलाई गतिदिने, अरू उपकरणहरूको विकास गराउने र उद्देश्यलाई सञ्चार गराउने संवाहक नै पात्र हुन् (फोर्स्टर, १९२७, पृ. ३३) । यसरी आख्यानात्मक गद्य विधालाई चलायमान बनाएर अघि बढाउन पात्र वा चरित्रको ठूलो भूमिका रहेको हुन्छ ।

व्यक्तिको चरित्र बाह्य रूपमा प्रकट हुँदा सामाजिक तत्वमा रूपान्तरित हुन्छ । आआफ्ना प्राकृतिक र भौगोलिक प्रभावबाट निर्मित प्रवृत्तिले मान्छे मान्छेमा विविध स्वभावहरू निर्मित हुन्छन् र तिनको क्रियात्मक अभिव्यक्ति नै चरित्र भएर देखापर्छ (सुवेदी, २०६४, पृ. २३) । उपन्यासमा पात्रको चरित्रचित्रण प्रत्यक्ष वा वर्णनात्मक र अप्रत्यक्ष वा नाटकीय पद्धतिबाट गर्न सकिन्छ । प्रत्यक्ष पद्धतिबाट चरित्रचित्रण गर्दा उपन्यासकारले बाहिरबाट चरित्रको स्थिति, सोचाइ, विचार, अनुभव जस्ता कुराहरूमा आफ्नो दृष्टिकोण वर्णन गर्छ र आधिकारिक तरिकाले उल्लेख गर्छ (बराल र एटम, २०५८, पृ. ३५) । यस्तो प्रायः मनोवैज्ञानिक उपन्यासमा गरिएको हुन्छ । लेखकले पात्रहरू सिर्जना गर्ने र विकास गर्ने तरिकालाई नै चरित्रचित्रण भनिन्छ । चरित्रचित्रणका दुई प्रमुख विधिहरू छन् : प्रत्यक्ष र अप्रत्यक्ष । प्रत्यक्ष विधिमा लेखकले पात्रको व्यक्तित्वको बारेमा सिधै बताएको हुन्छ । अप्रत्यक्ष विधिमा भने लेखकले पात्रको शारीरिक उपस्थिति, उनीहरूको बोली र कार्य, भित्री विचार र भावनाहरू र अन्य पात्रहरूसँगको सम्बन्ध वर्णन गरेर पात्र कस्तो छ भनेर देखाएको हुन्छ । अप्रत्यक्ष पद्धतिबाट चरित्रचित्रण गर्दा उपन्यासकार बाहिर बसेर चरित्रलाई आफैँ परिचित हुने अवसर प्रदान गर्छ । यसमा लेखक नदेखिई विभिन्न घटना, प्रसङ्ग र पात्रका आपसी संवादबाट पात्रको चरित्र प्रस्तुत गरिन्छ (पौडेल, २०६८, पृ. ९) । उपन्यासमा चरित्रको महत्ता सर्वोपरि हुन्छ । चरित्र व्यक्ति जीवनको बाह्य र आन्तरिक प्रवृत्तिको मूल व्यञ्जनासित सम्बद्ध हुने हुनाले यसको चित्रणमा व्यक्तिने जीवन स्वयम् मनुष्य र उसको बृहत्तर सत्य हो, जसको अध्ययन गर्नु उपन्यासको अभीष्ट हो (प्रधान, २०६१, पृ. ८) । सामाजिक, वैयक्तिक वा मानवीय आधारमा पात्रको वैविध्य र विविधताभित्रै एकताको अध्ययन गर्नु उपन्यासमा चरित्रचित्रणको लक्ष्य हो । चरित्रका अनेक प्रकृतिलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धताका आधारमा वर्गीकरण गरेको पाइन्छ (नेपाल, सन् १९८७, पृ. २५) । पात्रको विश्लेषणका क्रममा अनेक उपाय अवलम्बन गर्न सकिन्छ । उपन्यासमा प्रयोग भएका चरित्र गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक हुन सक्छन् (बराल र एटम, २०५८, पृ. ३०) । पात्रहरूलाई उनीहरूको भूमिकाका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । एल्टनबर्न्ड र लुइस (१९६६, पृ. ५९) का अनुसार पात्रहरूलाई नायक (Protagonist) र खलनायक (Antagonist) मा वर्गीकरण गर्न सकिन्छ । नायक कथानकको केन्द्रविन्दु हुन्छ जसलाई पाठकले सजिलै चिन्न सक्छन् र प्रायः असल पात्रको रूपमा लिइन्छ । यसको विपरीत खलनायक भन्नाले नायकको बाटोमा अवरोध पुऱ्याउने पात्रलाई बुझिन्छ । यीबाहेक पात्रको उमेर, शैक्षिक स्तर, आर्थिक स्तर, भौगोलिक, सांस्कृतिक परिवेश, संवेदनशीलता जस्ता आधारमा पनि वर्गीकरण गर्न सकिन्छ ।

## छलफल र परिणाम

*नरेन्द्र दाइ* (२०२७) उपन्यास नेपाली उपन्यास परम्परामा देखापरेको मनोवैज्ञानिक उपन्यास हो । आत्मिक र शारीरिक प्रेमलाई देखाइएको यो उपन्यास चरित्रप्रधान यौनमनोवैज्ञानिक उपन्यास हो । विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित *नरेन्द्र दाइ* उपन्यासका पात्रको चरित्रचित्रण मुख्यतया मनोवैज्ञानिक र यथार्थपरक छ । यस उपन्यासमा पात्रहरूको बाह्य क्रियाकलापभन्दा उनीहरूको आन्तरिक द्वन्द्व, यौन मनोविज्ञान र मानवीय दुर्बलताहरूलाई बढी महत्व दिइएको छ । *नरेन्द्र दाइ* उपन्यास चरित्र प्रधान उपन्यास हो । यस उपन्यासमा नरेन्द्र, गौरी र मुनरिया प्रमुख पात्र हुन् भने सानोबाबू सहायक पात्र हो । यी पात्र बाहेक कप्तान बा, कप्तानी आमा, सान्नानी, जुन्टूनानी, फगुनी, भान्दाइ, मुनरियाका बाबु यस उपन्यासमा आएका छन् । यहाँ प्रमुख पात्रको चरित्रचित्रण गरिएको छ ।

**नरेन्द्र**

नरेन्द्र प्रस्तुत उपन्यासको प्रमुख पात्र र नायक हो । नरेन्द्रको केन्द्रीयतामा उपन्यासका घटनाहरू आएका छन् । *नरेन्द्र दाइ* उपन्यासमा केन्द्रीय चरित्रका रूपमा चित्रित नरेन्द्र गौरीको पति, मुनरियाको प्रेमी र कप्तान्नी आमाको एक्लो छोरो हो । उसको सानै उमेरमा गौरीसँग विवाह भएको छ । गौरीमा शारीरिक सुन्दरता नदेख्दा गौरीलाई तिरस्कार गर्दै ऊ आफ्नो घरमा नोकर्नीका रूपमा काम गर्ने मुनरियासित मर्यादा, इज्जत र परम्पराको ख्यालै नगरी प्रेम गर्न पुग्छ । मुनरियासँगको प्रेम सम्बन्ध सबैले थाहा पाएपछि ऊ मुनरियालाई भगाउन बाध्य हुन्छ । पारिवारिक उत्तरदायित्व निर्वाह गर्न नसक्दा कप्तान बाले दुलही पाल्ने क्षमता नभएको भन्दा पत्नीलाई नै त्याग्न पुग्ने नरेन्द्र क्रोधी र घमण्डी स्वभाव भएको पात्र भएको पुष्टि हुन्छ :

> “के सेखी गर्छस्, नरेन्द्र, आफ्नी दुलहीलाई त पाल्ने हुती छैन ।” भन्दा “कप्तान बा, मलाई धेरै घोचेर नभन्नोस् । जाबो एउटीलाई मेरो गलामा झुन्डाइदिएर बडो उपकार गरेको छु भन्नुहुन्छ भने ल, त्यो तपाईंले मेरो लागि ल्याएकी भनेकी तपाईंलाई नै भयो । ” (पृ.९९)

नरेन्द्रको व्यक्तित्व आकर्षक देखिन्छ । उसको अग्लो शरीरमा सुकिलो सेतो कुर्ता र धोती, सेतो दुपट्टा, शिरमाथि पालेका लामालामा काला कपालका गुच्छा, गर्दननेर दुपट्टामाथि झुलिरहने केशका मुन्द्राले आकर्षक व्यक्तित्व झल्काउँथ्यो । च्याप्टो परेको नाक, साधारण आँखा, बाक्ला आँखीभुई, गालामा हाड केही उठेका, भोकोपनको छाप बनेको प्रष्ट अनुहार उसको शारीरिक बनावट थियो । उसको आकर्षक व्यक्तित्व र शारीरिक बनावटले नरनारीको हृदय जितेको थियो भने रुखो व्यवहारले केटाकेटीहरूलाई त्रसित बनाउँथ्यो । पतिपत्नीको सम्बन्ध स्वाभाविक सम्बन्ध होइन भन्ने नरेन्द्र भरिलो जिउकी मुनरियाप्रति आकर्षित भई विवाहिता पत्नी गौरीलाई उपेक्षित गर्छ र कोठामा समेत जान छोड्छ । आफूलाई आराध्यदेव ठानी सधैँ आफ्नै सेवामा समर्पित हुने गौरीलाई त्यागेर नोकरकी छोरी १७/१८ वर्षकी मुनरियालाई प्रेमकी देवी मानेर भगाएर लैजान्छ । गौरी सुन्दर र शीलस्वभावकी भए पनि उसमा यौनिक सौन्दर्य नभेट्टाएर शारीरिक सन्तुष्टिका लागि मुनरियालाई अँगाल्ने नरेन्द्र दैहिक र यौनिक सन्तुष्टिलाई महत्व दिने पात्रका रूपमा देखिएको छ । नरेन्द्र मुनरियाबाट कतिसम्म सन्तुष्ट थियो भन्ने कुरा नरेन्द्रले मुनरियालाई भनेको भनाइबाट स्पष्ट हुन्छ- “कस्तो रमाइलो छ । जीवनमा कति सुख छ । प्रत्येक श्वासमा आनन्दको स्पन्दन छ” (पृ. १२६) । नरेन्द्र स्वार्थी पात्र हो । आफ्नो सिद्धान्तलाई नछोड्ने नरेन्द्र मुनरियालाई प्रेमकी देवीका रूपमा स्थापना गर्छ भने निजी सुख प्राप्त गर्नका लागि अरूको दुःखको वास्ता गर्नुहुँदैन भन्ने स्वार्थको पाठ मुनरियालाई पढाउँछ (बराल र एटम, २०५८, पृ. २३०) । उसले आफ्नो सुखको लागि अरूको दुःखको वास्ता गर्नुहुँदैन भन्ने विचार बोकेको छ -

> मुनरिया, सुखमा स्वार्थ छ । दुःखलाई मात्रै सार्वजनिक वस्तु बनाउन सकिएला तर दुःख पनि त एक्लै भोग्नु पर्छ । तर मुनु, दुःख दुःख भएकोले त्यसको एक्लो भोगाइले स्वार्थ भोगको संज्ञा पाउँदैन । सुखको भोग एकान्तको वस्तु हो, त्यसमा स्वार्थ निहित छ । सुख प्राप्त गर्न सक्छौँ भन्ने आँखा चिम्लेर त्यसलाई भोग्नु बाहेक अरू केही बाटो छैन । अरूको दुःखपट्टि आँखा उठायौ भने सुखभोगको सम्भावना हुन्छ र ? (पृ. १२८) ।

नरेन्द्र आफ्नो स्वार्थ पूरा गर्नका लागि जस्तोसुकै व्यवहार गर्न समेत पछि नपर्ने कठोर हृदय भएको पात्र हो । उसले आफ्नी विवाहिता पत्नी गौरी, प्रेमिका मुनरियाको जीवन अस्तव्यस्त बनाएको छ र आफू पनि नष्ट भएको छ । शारीरिक सौन्दर्यबाट मोहित बनेर मुनरियालाई भगाएर लैजान्छ तर बिरामी परेपछि बनारसमा मुनरियालाई छोडेर फेरि जीवनभर अपहेलना गरेकी गौरीको शरणमा आइपुग्छ । जवानीको आवेशलाई नियन्त्रण गर्न नसक्दा उसले आफ्नो जीवनलाई नै बर्वाद बनाएको छ ।

प्रस्तुत उपन्यासमा नरेन्द्रको चरित्रलाई विश्लेषण गर्दा ऊ केन्द्रीय पात्रका रूपमा देखिन्छ । सुरुमा प्रतिकूल देखिए पनि अन्त्यमा अनुकूल पात्रका रूपमा उभिएको छ । परिवर्तनशील स्वभाव भएको नरेन्द्रले गौरीलाई छोडेपछि विवाह गर्न स्वतन्त्रता दिएको छ भने बनारसबाट फर्कदा मुनरियालाई पनि बिहे गर्ने स्वतन्त्रता दिएको छ । सामाजिक हैसियतले ऊ सामन्तवादी परम्पराको जमिनदार वर्गको सदस्यको प्रतिनिधिका रूपमा उपन्यासमा चित्रित छ । ऊ स्वभावले जिद्दी र परम्परालाई नमानी सामाजिक बन्धन तोड्ने विद्रोही चरित्रको रूपमा देखिन्छ, तर ऊ परिस्थितिसँग जुँध्न नसक्ने र पलायनमुखी हुन पुगेको छ । अमर्यादित ढङ्गले निम्न वर्गकी मुनरियालाई प्रेम गर्न सक्ने नरेन्द्रले आफ्नी प्रेमिकाको अस्मिता सुरक्षित गर्न सकेको देखिँदैन । अतः नरेन्द्र यस उपन्यासमा निस्सार पात्रका रूपमा चित्रित छ (कोइराला, सन् २०११, मार्च ३१) । आफ्नै दुराचार र भोगविलासका कारण क्षयरोगको शिकार बन्न पुगेको नरेन्द्र अन्त्यमा गौरीको काखमा आएर विश्रान्ति लिन पुगेको देखिन्छ ।

**गौरी**

गौरी प्रस्तुत उपन्यासकी नायिका हो । नरेन्द्रसँग बाल्यकालमा विवाह बन्धनमा बाँधिएकी गौरी अत्यन्त राम्रो शीलस्वभाव भएकी र पतिपरायणा नारी हो । गौरी उपन्यासको नायक नरेन्द्रकी विवाहित पत्नीका रूपमा देखिएकी छ । सानै उमेरमा विवाह भएकी गौरी पतिबाट परित्यक्त भएकाले सिँगारपटार नगरी भक्तिमार्गमा लागेकी छ । शारीरिक बनौटले ठगिएकी गौरी आदर्श, मर्यादापालक र परम्पराको अनुशासनबाट विचलित नभए पनि उसलाई पतिको प्रेम र स्पर्शबाट वञ्चित भई मानसिक कुण्ठामा पिल्सिएकी उपेक्षिता नारी पात्रका रूपमा उपन्यासमा चित्रण गरिएको छ । उपन्यासमा गौरीको शारीरिक बनावटका सम्बन्धमा यस्तो भनिएको छ :

> गौरी उज्याली त छिन् तर लोग्ने मानिसको जस्तो चौडा निधार, आँखा धेरै ठूला तर उनको सानो अनुहारलाई नसुहाउने, अनुहार, डल्लो खालको र नाक पनि बानगी नपरेको र कद पनि होचो, अर्थात् हिसी परेको तर छाट नपरेको लोग्ने मानिस, झन् त्यसमा पनि नरेन्द्र जस्ताको लागि कुनै आकर्षण नभएको स्वभावको दृष्टिबाट पनि यति साधु प्रकृतिकी र सौम्य कि पुरुषलाई उनीसँगको सम्बन्ध खल्लो हुँदो हो, आदि (पृ.८७) ।
>
> सानोबाबूका दृष्टिमा गौरी संसारकी सबैभन्दा राम्री र सफासुग्घर नारी हो ।
>
> उनी सधैं सिँगार गरेर बस्थिन्, कपाल चिल्लो पारेर टम्म कोरेकी, सिउँदोमा सिन्दुरको गाढा रेखा स्निग्ध गोरो फराकिलो निधारमा एउटा ठुलो पीतचन्दनको टीका फस्टाउन नसकेको बालिका शरीरमा साना साना राता काला बुट्टा भएको छिटको टम्म परेको चोलो, हरियो सारी र गोडामा कल्ली र छातीमा सानो तिलहरी भएको पोतेको माला (पृ.८८) ।

सानोबाबूको यस भनाइले गौरी नरेन्द्रलाई आकर्षित गर्न सिँगारपटार गरेर बस्थी भन्ने कुरा प्रष्ट हुन्छ । गौरीको बानी बेहोराबाट प्रभावित भएर आमाहरू भन्थे- “गौरी आँखामा राखे पनि बिझाउँदिनन्” (पृ. ८८) । सबैतिरबाट प्रशंसा पाएकी गौरीले आफ्नै पतिबाट भने कहिल्यै माया र प्रशंसा पाउन सकिन । नरेन्द्रबाट हेलित भएकी गौरीले सानोबाबूलाई अँगालेर म्वाई खानुले आफूभित्रको कामवासनालाई तृप्ति गर्न खोजेको देखिन्छ । गौरीले गरेको कृष्णको मूर्तिको उपासना पनि एकप्रकारले पुरुषप्रतिको अतृप्त वासनाको क्षतिपूर्ति हो, यौनकुण्ठाको अभिव्यक्ति हो र सेक्स कम्प्लेक्स नै हो (बराल र एटम, २०५८, पृ. २३०) । गौरीको विकास हुन नसकेको शरीर र बालिकापनका कारण नरेन्द्र मुनरियाप्रति आकर्षित भएको देखिन्छ । गौरीको शरीरको

स्वाभाविक विकास हुन नसकेको कुरा जुन्टुनानीको भनाइबाट थाहा हुन्छ- “गौरीमा नरेन्द्रले के पाउँछ र एक चिम्टी छाती छैन जहाँ मुनरिया अँजुली भरी लिएर हिँड्छे” (पृ. ८३) । नरेन्द्रले मुनरियालाई प्रेम गरेर भगाउन खोज्दा गौरी ईर्ष्या र द्वेषको भावना नराखी आफ्नै समीपमा बस्न आग्रह गरेको कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

“तिमीहरू यतै बस, मैले देख्ने ठाउँमै बस । तिमीहरू दुईको स्वतन्त्रतामा म अवरोध सिर्जना गर्दिनँ । म मुनरियालाई बहिनीकै रूपमा हेर्दछु ।” गौरीले सानोबाबूलाई लेखेको चिठीमा पनि मुनरियालाई बनारसबाट गाउँ पठाइदिन अनुरोध गर्छे- “बाबु, मुनरियालाई गाउँ जाऊ रे भन्नू । उसले आए हुन्छ मकहँ निर्धक्क भएर । फेरी, बैनी त हो नि त्यो, दिदीको घर उसैको हो भनेर उसलाई सम्भाउनू... (पृ. १३८) ।

नरेन्द्र क्षयरोगले थला परेर घर फर्केपछि गौरी पति पाएर अत्यन्त खुसी भएकी छ । घर फर्केपछि नरेन्द्रले गरेको माया पाएर दुःखैदुखको सागरमा सानो भिल्कारूपी सुखले पनि अपूर्व आनन्द र शाश्वत शान्ति प्रदान गर्दछ भन्ने मान्यता राख्छे । जुन कुरा सानोबाबूलाई लेखेको चिठीबाट स्पष्ट हुन्छ- “सानोबाबू, साना साना कुरामा जीवनका कत्रातत्र सुख अडेर बसेका हुँदारहेछन्” (पृ. १३६) । उपन्यासमा गौरीको मनोदशालाई यसरी स्पष्ट पारिएको छ :

हामी दुःख सुख भोग गर्छौ केही न बुझेर, क्षण क्षणमा मात्र जीवित रहेर, त्यसैले लाग्छ, कत्रा असहनीय दुःखी क्षण छन् हाम्रा । तर देख्दैनौ, तिनै कठोर शिलाखण्डद्वारा दुःखका क्षणहरूले हाम्रो सुखको विराट् प्रासादनिर्माणको आयोजना गर्दै रहन्छन्....सुख पनि त्यस्तो प्रचण्ड अग्निशिखा हो जसले क्षणभरिमै जीवनका यावत दुःखलाई पोलेर समाप्त गरिदिन्छ । त्यस शिखाको एक स्पर्शले मात्र पनि मानिस सार्थक हुन्छ । त्यही त हो नि मोक्ष ...(पृ.१३७) ।

पतिलाई आदर्श र ईश्वर ठान्ने गौरी अमर प्रेम उच्चतामा पुगेको ठानेर पतिको मृत्युपछि पनि सधवा नै रहेकी छ । यसलाई गौरीको विक्षिप्तताको अवस्थाका रूपमा लिन सकिन्छ । नरेन्द्रको मृत्युपछि पनि पति आफूसँगै रहेको घोषणमा गर्ने गौरीको धारणा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

उनी सदाका लागि मलाई प्रेम दिएर गए ... हो । सानोबाबू, मरेनन् । ममा आएर बसे सधैँसधैँका लागि, मलाई सदाका लागि सौभाग्यवती बनाए । त्यसैले त हो नि, अरूले कति भन्दा पनि मैले चुरा फोरिनँ, सिउँदोको सिन्दुर पुछिनँ ....।” “कसैबाट नखोसिने गरी उनी मेरा भएका छन् । कहिल्यै पनि नछाड्ने गरी उनी घर फर्केर आए (पृ. १४२) ।

उपन्यासमा नरेन्द्रलाई शारीरिक भोग र प्रेमबाट सन्तुष्टि दिन नसकेकी गौरीले आत्मिक प्रेम भने खन्याएकी छ । अन्तर्मुखी स्वभावकी गौरीको अन्त्यमा भूकम्पले भत्किएको घरले किचिएर जीवनलीला समाप्त भएको छ । जीवनभर नरेन्द्रलाई पतिपरमेश्वर ठानी अन्त्यमा आफ्नै काखमा फर्काउन सफल भएकी गौरी हिन्दू पतिपरायणा नारी हो । सुखभोग गर्न नपाएपछि नरेन्द्रलाई घर छोड्ने परिस्थिति हुन नदिन गौरी लोग्नेकी प्रेमिका मुनरियाका घरमा पुगेकी छ, तर नभेटेकाले मुनरियासमक्ष अनुरोध गर्न पाएकी छैन । मुनरियासँग खेलबाड र हाँसखेल गर्दै परदेशमा बुढो भएको रोगी नरेन्द्रलाई अधबैँसे उमेरमा पुनः प्राप्त गर्दा गौरी भावविभोर हुन पुगेकी छ (कोइराला, सन् २०११, मार्च ३१) । अभिजात्य संस्कारका घरमा पतिको ऐयासीको पीडा खेप्न बाध्य नेपाली नारीको प्रतिनिधित्व उपन्यासमा गौरीबाट भएको छ । हिन्दु आदर्शका परिधिभित्र रहेकी पतिपरायणा गौरीले उपन्यासको अन्त्यमा भग्न मानसिकताका कारण सामाजिक मर्यादालाई लत्याएकी छ ।

**मुनरिया**

*नरेन्द्र दाइ* उपन्यासमा नायक नरेन्द्रकी अनन्या प्रेमिकाका रूपमा मुनरिया आएकी छ । अर्कै व्यक्तिसँग चुमौन भइसकेकी मुनरियाको गौना (द्विरागमन) हुन बाँकी छ । मुनरिया नरेन्द्रको घरको नोकर धानुककी छोरी हो र ऊ नरेन्द्रको घरकी नोकर्नी हो । विवाहका लागि गौना भइसकेकी मुनरियाको गठिलो र आकर्षक शारीरिक सौन्दर्यबाट आकर्षित भएर नरेन्द्रले ऊप्रति प्रेम गरेको छ । मुनरियाको बारेमा उपन्यासमा यस्तो भनिएको छ :

> १७/१८ वर्षकी युवती, एकोहोरो कसिएको जिउ, कालो वर्ण, एकोहोरो कसिएको जिउ, कस्तो छरितो, कस्तो उघ्रेको कृष्ण वर्ण..." (पृ. ९९) ।
>
> मुनरियाका बदामका जस्ता कोस परेका चञ्चल काला आँखाले अद्‌भुत उज्यालो रचेको छ उसको कालो अनुहार । मोरी टुना गर्छे ती आँखाले ....(पृ. १००) ।
>
> कुँदेको सङ्गमरमरको शरीर छ उसको, अनुहार जस्तै आभायुक्त ओठ पनि हेरन मोरीको .... (पृ. १००) ।
>
> मैलो धोतीले बेरिएको शरीर, हतारिएर हिँड्दा शरीरमा उठेका सबै पुष्ट डल्लाहरू हल्लिएका-छातीका र कम्मर निरका ...(पृ. १०१) ।
>
> कालो भएर के ? मुनरिया भाउजूभन्दा राम्री छे । गरिब छे र चोलो लाउन पाउन्न, कपालमा चमेलीको तेल हाल्न पाउन्न तर भगवान्‌ले जिउ त राम्रो दिएको छ (पृ. १०१) ।

शारीरिकरूपमा अत्यन्त आकर्षक मुनरिया मालिक नरेन्द्रबाट प्रेम पाउँदा गर्व गर्छे । अशिक्षित भएर पनि मुनरिया प्रेमका बारेमा तार्किक विश्लेषण गर्छे । उसलाई आफ्नो प्रेम कोशीको भेल जस्तै लाग्छ । नरेन्द्रलाई गरेको प्रेममा लाभहानि छैन भन्दै ऊ आफूले पाएको प्रेम आफ्नै निजी अस्तित्वबाट पाएको हो र त्यो गौरीबाट खोसेको होइन भन्छे- "गौरीको कुन वस्तु मबाट खोसियो र ? प्रेम ? नरेन्द्रको ? त्यो त उसले कहिल्यै पनि पाइन । मैले पाएको नरेन्द्रको प्रेम त मेरो स्वत्व हो, मेरो निजको सम्पत्ति, स्त्रीधन" (पृ. १२५) । गौरीका तुलनामा आफूलाई हीन सम्झँदै मुनरिया प्रेमले गर्दा गौरीलाई देवी र आफूलाई पशु बनाएको स्वीकार गर्छे -

> उनी देवी भएर बसिन् समाजको उच्च स्थानमा-फोसामा पाएको अपुताली जस्तो । मैले भने जङ्गलकी हरिणीजस्तो ब्याधाको बाणबाट जोगिँदै अँध्यारोमा लुकीलुकी हिँड्नुपर्ने । नरेन्द्र र मेरो प्रेमले उनलाई मानवीबाट देवी बनायो, मलाई चाहिँ मानवीबाट पशु (पृ.१२५) ।

मुनरिया नरेन्द्रको शारीरिक प्रेमलाई तृप्त पार्छे । नरेन्द्र क्षयरोगको शिकार भएपछि उसलाई छोडेर गाउँ फर्कन्छ । त्यसपछि जीविकोपार्जनका निम्ति बनारसको रसिक मण्डलीलाई अस्तित्व सुम्पन्छे । पछि एउटा बुढो जौहारीसँग बिहे गरेर 'पहिलेकी मुनरिया मरिसकी' भन्ने घोषणा गर्छे । निम्नवर्गीय परिवारमा जन्मी, हुर्की, जमिनदारको घरको दासी भएकी मुनरिया जमिनदारको छोरो नरेन्द्रसित प्रेममा बाँधिएकी छ । नरेन्द्रको मायाजालमा फँसेर एउटी रखौटीका रूपमा उसले दुःखी र टिठलाग्दो जीवन बिताएकी छ । नरेन्द्रले मुनरियाबाट भरपुर आनन्द लिए पनि बिरामी भएपछि अलपत्र पारेको छ । आफ्नो अस्तित्वहीन जीवन बिताउन विवश भएकी मुनरियाले अन्त्यमा बनारसकै जौहरीसित नयाँ गृहस्थ आरम्भ गरेको देखिन्छ । एकातिर मुनरियाले गौरीको अपरिपक्व तनबाट यौनजन्य तृप्ति नपाएको नरेन्द्रको जीवनमा बहार ल्याएर सकारात्मकता देखाएकी छ भने अर्कातिर गौरीको दाम्पत्यजीवनमा घात गर्दै खलपात्रको भूमिकासमेत निर्वाह गरेकी छ (कोइराला, सन् २०११, मार्च ३१) । उपन्यासको घटनाक्रमलाई अगाडि बढाउन र गौरीको जीवनमा उतारचढाव ल्याउन मुनरियाको भूमिका प्रमुख रहे पनि उसलाई गौरीको समकक्षमा राख्न मिल्दैन । नरेन्द्रबाट प्रेमको सर्वोच्चता प्राप्त गरेकी मुनरिया दुःख भोगेर पनि सन्तुष्ट देखिन्छे ।

**सानोबाबू**

सानोबाबू प्रस्तुत उपन्यासको कथयिता र द्रष्टापात्र हो । सानोबाबूको बाल्यकालको स्मृति नै उपन्यासमा पूर्वदीप्तिका माध्यमबाट प्रस्तुत भएको छ । नरेन्द्रसँग निकै डराउने ऊ गौरीको निकटतम र गौरीलाई मनपराउने पात्र हो । गौरीले आफ्नो अतृप्त चाहनालाई पूरा गर्न उसलाई चुम्बन गर्दा लाज मान्ने ऊ आज्ञाकारी र सहयोगी छ । मुनरिया र नरेन्द्रको एकान्तको सम्बन्धलाई उसले देखेको छ । नरेन्द्रले मुनरियालाई भगाएर बनारस पुऱ्याएको केही समयपछि ऊ पनि बनारस पढ्नका लागि जान्छ र मुनरियासँग भेट हुन्छ । प्रेमका बारेमा खासै बुझ्न नसकेको आरोप गौरी र मुनरिया दुबैले उसलाई लगाउँछन् । उसले बनारसमा मुनरियालाई भेटेर हालखबर बताउँछ भने गौरीलाई पत्राचार गरी घरतिरको खबर बुझ्छ । उपन्यासमा नरेन्द्र र गौरीको शारीरिक बनावट र व्यवहारका बारेमा सानोबाबूले वर्णन गरेको छ । नरेन्द्रको मृत्युपछि गौरीलाई सधवा नै देखेको सानोबाबू उपन्यासमा यस्तो भन्छ -

> कहाँ मेरी पहिलेकी गौरी भाउजू, जो पति जीवित छँदा वैधव्यको धारण गर्थिन् र कहाँ आजकी गौरी, पतिको मृत्युपछि पूरा सधवाको सौभाग्यमा आफूलाई सिँगारेर बसेकी । कत्रो भीषण परिवर्तन, कत्रो असहनीय रूपान्तर, कहाँ पहिलेकी निमुखा भाउजू, कहाँ आजकी फतफते गौरी (पृ. १४२) ।

गौरी विक्षिप्त भएका बेला माइत पुऱ्याइदिने सानोबाबू जीवनका बारेमा यस्तो सोच्छ -“जीवन के हो ? यसमा प्राप्ति के छ ? सुख दुःख किन यस्तो मोहमय ? दुःख किन यस्तो पीडापूर्ण र सुख किन रिमरिमजस्तो, जीवनमा किन भागाभाग, दौडादौड, स्वाँस्वाँ र फ्वाँफ्वाँ ? के को लागि ? के को लागि ?” (पृ.१४३) । बनारसमा भेटेकी मुनरियाले पहिलेकी मुनरिया मरिसकी भनेर जवाफ दिएपछि सानोबाबू शून्यतामा बिलाउँछ र नरेन्द्र, गौरी तथा मुनरियाले बनाएको बालुवाको त्रिभुज भताभुङ्ग भएको कल्पना गरेर जीवनको निस्सारता बोध गर्छ । प्रस्तुत उपन्यासमा कथयिता र द्रष्टा चरित्रका रूपमा आएको सानोबाबू उपन्यासको सहायक पात्र हो ।

तलको तालिकामा नरेन्द्र, गौरी र मुनरियाको चरित्रलाई यसरी देखाउन सकिन्छ :

| आधार | नरेन्द्र | गौरी | मुनरिया |
|---|---|---|---|
| **गतिशीलता** | गतिशील : कथाको सुरुदेखि अन्त्यसम्म सोच र अवस्थामा उतारचढाव आएको पात्र | गतिहीन : आफ्नो चरित्रको मूल आदर्श (सहनशीलता र समर्पण) मा अडिग पात्र | अर्ध-गतिशील : परिस्थितिअनुसार भूमिका र व्यवहारमा परिपक्वता आएकी पात्र |
| **यथार्थ र आदर्श** | यथार्थवादी : मानवीय कमजोरी, स्वार्थ र कामेच्छाले भरिएको पात्र | आदर्शवादी : त्याग, क्षमा र पवित्रताको भावना भएकी पात्र | यथार्थवादी : आफ्नो सामाजिक र आर्थिक धरातल अनुसार बाँचेकी पात्र |
| **अन्तर्मुखीः र बहिर्मुखी** | अन्तर्मुखी : आफ्नै आन्तरिक द्वन्द्व र अपराधबोधमा हराइरहेको पात्र | अन्तर्मुखी : आफ्ना पीडा र ईर्ष्यालाई बाहिर व्यक्त नगरी मनमै गुम्साएकी पात्र | बहिर्मुखी : आफ्ना भावना र प्रेमलाई स्पष्ट रूपमा प्रकट गर्न नडराउने पात्र |

| | | | |
|---|---|---|---|
| **गोला र च्याप्टा** | गोला : जटिल, बहुआयामिक र पाठकलाई चकित पार्ने खालको पात्र | च्याप्टा : पति-सेवा र मर्यादा) मा केन्द्रित सरल पात्र | सीमित गोला : प्रेम र सेवाको गहिराइ भए पनि भूमिका सीमित भएकी पात्र |
| **स्वभाव** | अस्थिर र विद्रोहीः समाज र परिवारको दायित्वबाट भाग्ने स्वभावको पात्र | धैर्य र संयमित : जस्तोसुकै आँधी आए पनि स्थिर रहने स्वभावकी पात्र | भावुक र समर्पित : प्रेमीका लागि सर्वस्व सुम्पने स्वभावकी पात्र |
| **विचार** | अस्तित्ववादी : स्वतन्त्रता र अस्तित्वको खोजीमा भौतारिने चेतना भएको पात्र | नैतिक/धार्मिक : कर्तव्य र धर्म नै जीवनको सार्थकता हो भन्ने चेतना भएकी पात्र | जैविक/भावनात्मक : प्रेम र सेवा नै जीवनको आधार हो भन्ने चेतना भएकी पात्र |
| **वर्गीयता** | सम्भ्रान्त वर्ग : शिक्षित र आर्थिक रूपमा सम्पन्न वर्गको प्रतिनिधि पात्र | मध्यम वर्ग : कुलीन र मर्यादित परिवारकी प्रतिनिधि पात्र | निम्न वर्ग : आर्थिक र सामाजिक रूपमा उत्पीडित वर्गको प्रतिनिधि पात्र |

## निष्कर्ष

प्रस्तुत *नरेन्द्र दाइ* उपन्यास नरेन्द्र दाइ, गौरी र मुनरियाको चरित्रको त्रिकोणात्मक भूमिकामा केन्द्रित उपन्यास हो । सानोबाबू अर्थात् म पात्र यी तीनजना पात्रको जीवनलाई नियाल्ने समाख्याताका रूपमा उपन्यासमा उपस्थित भएको छ भने सान्नानी उसको बालसखाका रूपमा देखापरेकी हुँदा यी दुबै पात्रले कथानकको सूत्रधार भई उल्लेखनीय कार्य गरेका छन् । यिनै पात्रको मानसिक ऊहापोह र जीवन्त कार्यकलापका माध्यमले उपन्यास परम्परामा *नरेन्द्र दाइ* सबल र सक्षम उपन्यासका रूपमा देखा परेको छ । नरेन्द्र सामाजिक बन्धन र परम्परालाई सजिलै स्वीकार नगर्ने अन्तर्मुखी र विद्रोही, आफ्नी पत्नी गौरी र प्रेमिका मुनरियाबिचको भावनात्मक सम्बन्धमा सधैँ अल्झिरहेको द्वन्द्वग्रस्त व्यक्ति, समस्याहरूबाट भागेर बनारस जानु र आफ्नो जिम्मेवारीबाट टाढा रहने पलायनवादी, पारिवारिक शान्तिभन्दा व्यक्तिगत सुखको खोजीमा भौतारिने पात्रका रूपमा देखिएको छ । गौरी आदर्श र धैर्यवान् नेपाली नारीको प्रतीक, नरेन्द्रले मुनरियालाई प्रेम गर्दा र घर छोडेर भाग्दा पनि उनी नरेन्द्रप्रति उत्तिकै समर्पित देखिएकी, समाजको तिरस्कार र पतिको उपेक्षा सहेर पनि उनले आफ्नो मर्यादा कायम राखेकी सहनशील नारी, बाहिरबाट शान्त देखिए आन्तरिक पीडा भोगेकी पात्रका रूपम देखिएकी छ । मुनरिया एक निम्न वर्गीय र विजातीय पात्र, यौनिक आकर्षण र प्रेम भएकी, तत्कालीन समाजमा एउटा सम्भ्रान्त वर्गको पुरुषसँग सम्बन्ध राख्न सक्ने विद्रोही, अन्तिम अवस्थामा नरेन्द्रको सेवा र हेरचाह गरेर आफ्नो प्रेमको गहिराइ प्रमाणित गरेकी पात्रका रूपमा देखिएकी छ । नरेन्द्र जमिनदार वर्गको सदस्यको प्रतिनिधि, सामाजिक बन्धन तोड्ने विद्रोही तथा पलायनमुखी, गौरी नेपाली नारीको प्रतिनिधि, पतिपरायणा, मुनरिया अस्तित्वहीन जीवन बिताउन विवश, सानोबाबू कथयिता र द्रष्टा चरित्रका रूपमा आएको छ । प्रस्तुत उपन्यासमा कुनै घटनाको वर्णनमा म पात्रले चरित्रका बारेमा टिप्पणी गरेको पाइन्छ भने कतै कतै संवाद र दृश्यको प्रस्तुतिमा चरित्रको प्रयोग पनि गरेको देखिन्छ । मुनरियाको चरित्रचित्रणमा उसकै आत्मकथालाई आधार बनाइएको छ भने गौरीको उत्तरार्द्धको जीवनको चित्रणमा चिठीको सहयोग लिइएको छ । प्रत्यक्ष र अप्रत्यक्ष दुवै खालका प्रविधिको प्रयोग गरी चरित्रचित्रण गरिएको *नरेन्द्र दाइ* उपन्यास चरित्र प्रयोगका दृष्टिले सफल रहेको छ ।

## सन्दर्भ सामग्रीसूची


कोइराला, कृष्णप्रसाद (सन् २०११ मार्च), नरेन्द्र दाइ उपन्यासका पात्र, *साहित्य सागर,* https://sahityaghar.blogspot.com/2012/06/blog-post_20.html

ज्ञवाली, विष्णुप्रसाद (२०६७), *समसामयिक नेपाली उपन्यास,* काठमाडौँ : पैरवी प्रकाशन ।

नेपाल, घनश्याम (सन् १९८७), *आख्यानका कुरा,* सिलगढी : नेपाली साहित्य प्रचारक समिति ।

पौडेल, विष्णुप्रसाद (२०६८), *उपन्यास समालोचना (प्रवृत्ति र विश्लेषण),* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), *नेपाली उपन्यास र उपन्यासकार,* चौथो संस्क., ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* दोस्रो.संस्क., ललितपुर : साझा प्रकाशन ।

*बी.पी. का उपन्यास* (२०६८), छ उपन्यासहरूको सङ्ग्रह, ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०६४), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,* दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

Altenbernd, L. and Lewis, L.L. (1996). *A Handbook for the Study of Fiction*. New York: Macmillan.

Forster, E. (1927). *Aspects of the Novel*. New York : Harcourt.